नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
श्रावण/भाद्र २०८१ (August 2024) वर्ष २७/अङ्क ३०८

## “एकता” “ए...कता”

– पाष्टर शरण राई

**येशूले तिनीहरूका विचार थाहा पाएर तिनीहरूलाई भन्नुभयो, “आपसमा फूट परेको हरेक राज्य उजाड पारिनेछ, र हरेक सहर अथवा परिवार आफ्नै बीचमा फाटो पर्‍यो भने टिक्नेछैन** (मत्ती १२:२५) ।

यस खण्डको सन्दर्भचाहिँ भूत लागेर बोल्न र सुन्न नसक्ने एकजना मानिसलाई येशू प्रभुले निको पार्नुभएको सन्दर्भ हो । त्यही कुरालाई फरिसीहरूले भूतको काम हो भने । त्यसको जवाफमा येशूले “भूतलाई भूतले कसरी धपाउन सक्छ ? भूतले भूतलाई धपाउँछ भने त उनीहरूको बीचमा झगडा हुन्छ र उनीहरू नाश हुन्छन्” भनेर भन्नुभयो । उहाँले भन्नुभएको अर्थ यो हो कि त्यो मानिस भूतको कारणले बिरामी भएको हो, तर भूतको कारणले निको भएको होइन र भूतहरूको उद्देश्य एउटै भएको कारण तिनीहरूको बीचमा फुट हुँदै हुँदैन किनकि उनीहरू बलियो हुन चाहन्छन्, नाश हुन चाहँदैनन् ।

येशूमा आत्मिक जीवन पाउने हामीहरूले तीन अस्तित्वमा रहनुहुने अर्थात् पिता, पुत्र र पवित्र आत्मा परमेश्वर एउटै हुनुहुन्छ भनेर विश्वास गर्छौं । शरीर एउटै हो र हामीहरू त्यो शरीरको एक-एक अङ्गहरू हौं अनि एउटा अङ्गले अर्को अङ्गलाई अप्ठ्यारो पर्ने काम गर्दैन र त्यो अङ्गले जे गर्छ, त्यसको कारणले गर्दा अर्को अङ्गलाई सहयोग पुग्छ । अङ्गहरूको कर्तव्य-परायणताले शरीर बन्छ, जुन शरीरको शीर येशू ख्रीष्ट हुनुहुन्छ । यो हाम्रो विश्वास हो र यही विश्वासअनुसारको सिकाइ र अभ्यास मण्डलीमा निरन्तर छ ।

यी सिकाइ र अभ्यासको बीचमा हामीहरू सबैले आफैलाई सही देख्छौं र सम्झन्छौं । मैले जुन आत्मिक अभ्यास गरेको छु, त्यो ठीक छ भनेर भन्छौं तर आफूले देखेको र सम्झेको त्यो ठीक कुरा नै अर्कोको लागि बेठीक देखिन्छ । बेठीक देख्नेले पनि आफूलाई ठीक सम्झिरहेको हुन्छ । यस्तो परिस्थितिमा चाहिँ फरिसीहरूले भनेजस्तै भूतले भूतलाई धपाउँछ भन्ने विचार ठीक हुन्छ तर येशू प्रभुले भन्नुभएझैं त्यसको उपजचाहिँ नाश हो ।

माथिको अनुच्छेदको सन्दर्भमा किचाहिँ एकजना ठीक हो किचाहिँ दुवैजनामा केही न केही कमजोरी छ । स्वयंद्वारा गरिएको सही मूल्यांकन नै यसको समाधान हो । सही मूल्यांकन नम्रतामा हुन्छ । “एकता” को श्रोत नम्रता हो अर्थात् नम्रताको परिणाम “एकता” हो र “एकता” ले निर्माण गर्छ । गलत मूल्यांकन अहंकारमा हुन्छ । यस प्रकारको मूल्यांकनमा ममा केही कमजोर छैन भन्ने विचार उत्पन्न हुन्छ अनि आफू-आफूतिर “ए ... कता ?” । “ए ... कता ?” को श्रोत अहंकार हो र अहंकारको परिणाम “ए ... कता ?” । अनि ए ... कता ? ले निर्माण गर्दैन, नाश गर्छ ।

कुनै कुरा भनेजस्तो परिणाममा टिप्नु छ भने पाँचवटा नै औंलाहरू नुहिनुपर्छ । ननुहेको औंलाहरूले टिप्ने काम गर्दैन, घोच्ने काम मात्र गर्छ । येशूमा जीवन पाउने हामीहरू एक-एक जनाले भन्छौं “म येशूलाई प्रेम गर्छु ।” ठीक कुरा हो, उहाँलाई प्रेम गर्नु अनिवार्य छ तर हामीले जे भन्यौं, सही भन्यौं त ? हाम्रो दैनिक जीवनमा, रहनसहनमा, बोलीचालीमा अनि कार्यशैलीमा देखिएको छ त ? यो हाम्रो भनाइप्रति अरूको कस्तो प्रतिक्रिया छ ? हामी एक-एकले “म येशूलाई प्रेम गर्छु” भनिरहँदा हामीमा पनि केही कुरा यस्तो छ कि जुन कुरा हामीले सुधार्नु नै पर्छ ? यो कुरालाई हामीले साँच्चै आत्मसात् गर्‍यौं भने “ए...कता ?” लाई हाम्रो जीवनमा ठाउँ नदिइ हामीले पाएको वरदान प्रयोग गरी मण्डली निर्माण गर्ने काममा हाम्रो साथ रहेको ठहरिन्छ ।

येशू प्रभुले पत्रुसलाई तीन पटक सोध्नुभयो नि “तिमी मलाई प्रेम गर्छौ ?” भनेर । पत्रुसले हो भनेर आफूले येशू प्रभुलाई प्रेम गरेको प्रमाण दिन्छन् । अनि येशू प्रभुले पत्रुसलाई भन्नुभयो, “त्यसो भए, मेरा बगालको हेरचाह गर ।”

येशू प्रभुलाई प्रेम गर्ने हामी सबैको कर्तव्य एकबद्ध भई एकबद्ध गराएर उहाँको बगालको हेरचाह गर्नु हो । बगाल भन्नाले छरिएको अवस्था बुझिँदैन । हाम्रो कर्तव्य पूरा गर्नु हामीहरूको नैतिकता हो । यो कुराको सम्भावना होचिनुमा मात्र छ जसरी येशू प्रभु मानवजातिको सबैभन्दा ठूलो समस्या ‘पाप’ समाधान गर्न क्रुसको मृत्युसम्मै होचिनुभयो । “ए...कता ?” को परिस्थिति सृजना गर्ने हामी कसैको पनि हक छैन । आँखाले हातलाई ‘मलाई तेरो खाँचो छैन’ भन्न सक्दैन । त्यसरी नै टाउकोले खुट्टालाई पनि ‘मलाई तेरो खाँचो छैन’ भन्न सक्दैन । यसलाई यसरी बुझौं येशू ख्रीष्टको नाताले हामी परमेश्वरको सन्तान हौं र यस संसारमा स्वर्गको दूतहरू हौं । यस संसारमा रहेर

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **श्रावण २६ गते** August 10 | एल्डर अर्जुन ढकाल | एल्डर दिनेश न्यौपाने | एल्डर सिद्धि खालिङ | डीकन राम ब. तामाङ्ग | श्री विजय तामाङ्ग | एल्डर सिमोन खालिङ | श्रीमती गंगा श्रेष्ठ |
| **भाद्र १ गते** August 17 | श्री विष्णु देउला | एल्डर मन ब. मगर | डीकनेस् सरिता नकर्मी | श्री शम्भू दंगाल | श्री मिन ब. तामाङ्ग | एल्डर ग्रेस खालिङ | पाष्टर रूबेन श्रेष्ठ |
| **भाद्र ८ गते** August 24 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर सिद्धि खालिङ | एल्डर मन ब. मगर | एल्डर सीता गुरूङ्ग | एल्डर श्रीलक्ष्मी सैंजु |
| **भाद्र १५ गते** August 31 | एल्डर रत्नमान महर्जन | डीकन कान्छा श्रेष्ठ | डीकन सुबोध अधिकारी | डीकन भूपाल तामाङ्ग | श्री सुचन तामाङ्ग | पाष्टर घनश्याम दाहाल | डीकन सिमोन भण्डारी |
| **भाद्र २२ गते** September 7 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | डीकन कुमार गजमेर | श्री माया लामा | श्री विजय तामाङ्ग | पाष्टर दफ्तन सादा | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण २६ गते** August 10 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | डीकन अमृत लामा | श्री विकास श्रेष्ठ | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | एल्डर जमान घ्लान | डीकन पवन सुनुवार |
| **भाद्र १ गते** August 17 | एल्डर कृष्ण तामाङ्ग | एल्डर लाक्पा लामा | श्री मोहन श्रेष्ठ | डीकनेस् राममाया नगरकोटी | श्री प्रेम गुरुङ्ग | एल्डर सागर थापा | सुश्री गंगा तामाङ्ग | डीकन अमृत लामा | एल्डर पेशल राई | एल्डर राज गुरूङ्ग |
| **भाद्र ८ गते** August 24 | पाष्टर प्रेम श्रेष्ठ | श्री फुर्का तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | डीकन उमेश मगर | एल्डर राज गुरूङ्ग | श्रीमती देवकी लामा | एल्डर गोपी राई | श्री गोविन्द नगरकोटी |
| **भाद्र १५ गते** August 31 | एल्डर अर्जुन ढकाल | श्री जिवन खालिङ | डीकन उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | श्रीमती अनिशा गौतम | डीकन कृष्ण श्रेष्ठ | डीकन अमृत लामा | एल्डर राज गुरूङ्ग | डीकन उमेश मगर |
| **भाद्र २२ गते** September 7 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | डीकन गोपाल नगरकोटी | एल्डर गोपी राई | एल्डर कृष्ण तामाङ्ग |

स्वर्गको राज्यको काम गर्नको लागि एक्लैले सम्भव छैन । त्यसैले एकभन्दा बढी एक हुनुको विकल्प छैन ।

फिलिप्पी २:१-५ **के खीष्टमा भएको तिमीहरूको जीवनले तिमीहरूलाई हौसला दिएको छ ? उहाँको प्रेमले तिमीहरूलाई सान्त्वना दिएको छ ? तिमीहरूले पवित्र आत्माको संगति गर्छौ के तिमीहरू एक-अर्कालाई दया र माया गर्छौ ? त्यसो हो भने मलाई खुशी पार्न तिमीहरू एउटै विचार भएका, एउटै प्रेममा रहेका र एउटै चित्त भएका होओ भनी म तिमीहरूलाई बिन्ती गर्छु । आफ्नै मात्र भलाइ खोजेर तिमीहरू केही नगर । तिमीहरूले फोस्रो घमण्डको निम्ति पनि केही नगर । एक-अर्काप्रति नम्र बन र अरूहरू आफूभन्दा राम्रा छन् भनी सम्झ । आफ्नै मात्र होइन, अरूको पनि विचार गर । तिमीहरूको व्यवहार येशू खीष्टको जस्तै होस् ।**

## विशेष प्रार्थना

१. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

२. प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुका जनहरूको विरुद्ध खडा भई दु:ख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू खीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

३. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै खीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

४. काम र पढाइको लागि विभिन्न देशहरूमा जानुभएका विश्वासीहरूले आफ्नो व्यस्तताको कारण प्रभुलाई बिर्सन नसकून् साथै कुनै न कुनै संगतिमा रहेर परमेश्वरलाई महिमा दिन सकून् ।

५. डुबान, बाढी-पहिरोको कारण समस्या भोगिराख्नुभएका सम्पूर्ण मानिसहरूले ठीक समयमा नै राहत पाउन सकून् साथै देशको सरकारले छिटोभन्दा छिटो उहाँहरूलाई उद्धार गर्न सकेको होस् ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **श्रावण २६ गते** August 10 | एल्डर सीता गुरूङ्ग | श्री जीवन खालिङ | एल्डर आनन्द न्यौपाने | एल्डर छोदेन कार्थक | एल्डर बेन्जामिन तामाङ्ग | डीकन अनिल आले | एल्डर जोरविर राई |
| **भाद्र १ गते** August 17 | पाष्टर प्रेम श्रेष्ठ | डीकन अनिल चौधरी | डीकन कृष्ण नगरकोटी | एल्डर पिटर लिम्बू | एल्डर बि.एन पण्डित | श्री प्रेम गुरूङ्ग | डीकन सुक्रराज घिमिरे |
| **भाद्र ८ गते** August 24 | एल्डर रूद्र राई | एल्डर ग्रेस खालिङ | एल्डर भुवन देवकोटा | श्री कुमार सेन्चुरी | श्री अमन सिंह | एल्डर पिटर लिम्बू | डीकन अनिल आले |
| **भाद्र १५ गते** August 31 | एल्डर बाबुराम के.सी. | श्री विश्वास थापा | पाष्टर शरण राई | पाष्टर बर्णबास श्रेष्ठ | श्री कुमार सेन्चुरी | एल्डर जोरविर राई | डीकन बाबेल राई |
| **भाद्र २२ गत** September 7 | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक | पाष्टर बर्णबास श्रेष्ठ |

## जानकारी



कालोपुल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती जोबा मुर्मू ५४ वर्षको उमेरमा आषाढ २१ गते/जुलाई ५ तारिख शुक्रबारका दिन प्रभुमा सुत्नुभयो ।



जोरङ्खु बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री राज कुमार तामाङ्ग ३५ वर्षको उमेरमा श्रावण ५ गते/जुलाई २० तारिख शनिबारका दिन प्रभुमा सुत्नुभयो ।



धोबिघाट बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्रीमती जमुना मगर ८४ वर्षको उमेरमा आषाढ ३१ गते/जुलाई १५ तारिख सोमबारका दिन प्रभुमा सुत्नुभयो ।

आषाढ २२ गते/जुलाई ६ तारिख शनिबार नेइम जोरपाटी बेशीगाउँ मण्डलीमा १३ जना सदस्यहरूले समर्पण गर्नुभयो ।

आषाढ २९ गते/जुलाई १३ तारिख शनिबार नेइम ललितपुर मण्डलीमा ७ जना सदस्यहरूले समर्पण गर्नुभयो ।


## हार्दिक बधाई



आषाढ २४ गते/जुलाई ८ तारिख, सोमबार नेइम जोरपाटी साँखु चर्चको सदस्य श्री संजय मोक्तान र नेइम जोरपाटी चाँगु चर्चको सदस्य सुश्री जमुना तामाङ्गको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण २ गते/जुलाई १७ तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री सिम्रिता कार्की र आशिष चर्च, सामाखुशीको सदस्य श्री सुसन नेपालीको नेइम ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट तहार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ ३१ गते/जुलाई १५ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री कमला गिरी र आशिष चर्च, सामाखुशीको सदस्य श्री टेक बहादुर थापाको नेइम ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | २० 4<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>यशैया ४५:१-४, ५४:२-३ | २७ 11<br>सम्पूर्ण विश्वासीहरूले पवित्र आत्माको बप्तिस्मा पाएर ख्रीष्टको साक्षीको जीवन जिउन सकून् ।<br>प्रेरित २:२-३, १:८ | २ 18<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ९ 25<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२४ | १६ September 1<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ |
| **सोमबार** Monday | २१ 5<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७,यूहन्ना १६:३३ | २८ 12<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | ३ 19<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्नो सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | १० 26<br>परमप्रभु परमेश्वरले राखि-दिनुभएका आशिषहरू उपभोग गर्दै आशिष बन्नको निम्ति विश्वासको कदम बढाउन सकौं ।<br>यहोशू १:३-५ | १७ 2<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ |
| **मंगलबार** Tuesday | २२ 6<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | २९ 13<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>रोमी ८:२५-२७ | ४ 20<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:६-८, १ कोरिन्थी १३:१-३ | ११ 27<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १८ 3<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१-१८ |
| **बुधबार** Wednesday | २३ 7<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>फिलिप्पी २:१३ | ३० 14<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>कलस्सी १:१८-१९ | ५ 21<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:२२-२५ | १२ 28<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १९ 4<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार** Thursday | २४ 8<br>हाम्रा छोराछोरीहरूले स्कूल, कलेज, काम गर्ने ठाउँहरूमा ठीक साथी बनाउन सकून् साथै असल साक्षीद्वारा प्रभुमा डोऱ्याउन सकून् ।<br>२ कोरिन्थी २:१५-१७ | ३१ 15<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र बाबु आमाबीचको असल सम्बन्धले ख्रीष्ट प्रभुलाई महिमा दिन सकून् ।<br>हितोपदेश १३:२०, १ पत्रुस २:१२ | ६ 22<br>विवाह बन्धनमा बाँधिनुभएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | १३ 29<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | २० 5<br>मण्डलीका सबै जवानहरूलाई प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९ |
| **शुक्रबार** Friday | २५ 9<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै सेवाको लागि सहायता गर्नुहुने स्वयंसेवकहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:११ | ३२ 16<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने ख्रीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया १:१८-१९ | ७ 23<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | १४ 30<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ | २१ 6<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>लेवी २६:११-१३ |
| **शनिबार** Saturday | २६ 10<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको महिमाको निम्ति जिउनेहरू हुन सकून् ।<br>रोमी ५: ८-११ | १ भाद्र 17<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२२ | ८ 24<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ | १५ 31<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | २२ 7<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**म तेरो अगिअगि जानेछु, र पर्वतहरूलाई समतल पार्नेछु । काँसाका ढोकाहरू म टुक्रा-टुक्रा पार्नेछु र फलामका बारहरू काट्नेछु । म परमप्रभु हुँ, म नै इस्राएलका परमेश्वर हुँ, मैले नै तँलाई तेरो नाउँ काढेर बोलाएको छु भनेर तैंले थाहा पाउनलाई म तँलाई अँध्यारो ठाउँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु । मेरो दास याकूब, मेरो चुनिएको इस्राएलको खातिर मैले तँलाई तेरो नाउँ काढेर बोलाएको हुँ । तैंले मलाई स्वीकार नगरेको भए तापनि मैले तँलाई सम्मान दिएको छु । म परमप्रभु हुँ, अनि मबाहेक अरू कोही छैन । मबाहेक अरू परमेश्वर छैन । तैंले मलाई स्वीकार नगरेको भए तापनि म तँलाई बलियो पार्नेछु ।**

**यशैया ४५:२-५**